नागरिक लगानी कोषको अर्ध वार्षिक प्रकाशन

# लगानी कोष समाचार

नेपालको समृद्धिको सहयात्री

द.नं.जि.का. ४८/२०६६/०६७

CIT Newsletter

वर्ष : १२ अङ्क : २० २०७७ असोज

## कोषको सहायक कम्पनी नागरिक स्टक डिलर स्थापना

ना.ल.कोष। कोषले पुँजी बजारमा आफ्नो भूमिका विस्तार गर्न तथा स्टक डिलरको कार्य गर्नको लागि सहायक कम्पनीको रुपमा '**नागरिक स्टक डिलर**' स्थापना गरेको छ। कम्पनीको कार्यालय भवन बानेश्वर स्थित कृष्ण टावरमा रहेको छ। सर्वसाधारणलाई समेत साधारण शेयर जारी गर्ने गरी स्थापना गरिएको यो कम्पनी यही २०७६ माघ २९ गते कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता गरिएको हो।

कम्पनी ऐन २०६३ बमोजिम स्थापना भएको सो पब्लिक लिमिटेड कम्पनीको अधिकृत पुँजी रु.१० अर्ब र जारी पुँजी तथा चुक्ता पुँजी रु.५ अर्ब रहेको छ भने उक्त कम्पनीमा नेपाल पुनर्बीमा कम्पनी र नेपाल टेलिकमको पनि लगानी रहको छ। कम्पनीमा कोषको ५१ प्रतिशत, नेपाल पुनर्बीमा कम्पनीको १० प्रतिशत र नेपाल टेलिकमको ९ प्रतिशत शेयर रहेको छ भने बाँकी ३० प्रतिशत शेयर सर्वसाधारणका लागि छुट्याइएको छ। कम्पनीले विभिन्न संगठित संस्था र अन्य कोषहरूलाई समेत समावेश गरी छुट्टै बास्केट फण्ड समेत संचालन गर्न सक्ने प्रवन्धपत्रमा उल्लेख गरिएको छ। कोषले अब औपचारिक रुपमा स्टक डिलरको कार्य गर्नका लागि संचालक समिति गठन गरी कम्पनीको प्रमुख कार्यकारी अधिकृत नियुक्त गरिसकेको छ।

धितोपत्र व्यवसायी/व्यापारीको रुपमा स्टक डिलरको कार्य गरी शेयर/धितोपत्रको मुल्यमा हुने अस्वभाविक उतार चढाबलाई न्यूनीकरण गर्ने भूमिका निर्वाह गर्ने मुख्य उद्धेश्य रहेको कम्पनीले दोस्रो बजारमा धितोपत्रको थोक कारोबार गरी बजारको अस्वभाविक उतार चढाबलाई केही हदसम्म कम गर्ने आसा गरिएको छ। कम्पनीको प्रवन्धपत्रमा उल्लेख गरे बमोजिम कम्पनीले नियामक निकायको अनुमति लिई डेरिभेटिभ्स उपकरणहरूको समेत कारोवार गर्ने सम्मको अधिकार रहेको छ।

## नागरिक पेन्सन योजना सञ्चालन



ना.ल.कोष। कोषले नयाँ कार्यक्रम **नागरिक पेन्सन योजना** संचालनमा ल्याएको छ। हाल कोषले संचालन गरेको कार्यक्रमहरूले आम सर्वसाधारणहरूलाई नसमेटिरहेको अवस्थामा सर्वसाधारणलाई समेत लक्षित गरी नागरिक लगानी कोषका कार्यक्रममा आवद्ध गराउन तथा स्वरोजगारमा रहेका एवं वैदेशिक रोजगारमा रहेका नेपालीहरू समेत सहभागी हुन सक्ने प्रावधान रहेको यस योजनामा सहभागीहरूले सामाजिक सुरक्षा सहितको अन्य सेवा तथा सुविधाहरू प्राप्त गर्न सक्ने छन्।

सर्वसाधारण जनतालाई बचत गर्न प्रोत्साहित गर्ने, त्यस्तो वचतलाई देशको आर्थिक विकासमा परीचालन गर्ने र सक्रिय जीवनकालमा जम्मा गरेको रकमबाट बचतकर्ताको वृद्ध अवस्थाको

*बाँकी पृष्ठ २ मा*

### शुभकामना

विजया दशमी, शुभदीपावली तथा नेपाल सम्वत र छठ पर्वको पावन अवसरमा समस्त सहभागी, शेयरधनी तथा शुभेच्छुकहरूमा हार्दिक मंगलमय **शुभकामना** व्यक्त गर्दछौं।

**नागरिक लगानी कोष परिवार**
नयाँ बानेश्वर, काठमाडौं

## कोष संचालक समितिमा डा. विश्वकर्मा



ना.ल.कोष। नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७७/०३/१८ को निर्णय अनुसार नागरिक लगानी कोष ऐन, २०४८ बमोजिम नेपाल सरकारले कोषको संचालक समितिको सदस्यमा श्री गंगाराम विश्वकर्मालाई नियुक्त गरेको छ। यस अघि उक्त स्थानमा डा. रामशरण खरेलले प्रतिनिधित्व गर्नुभएको थियो।

## कोष संचालक समितिमा दंगाल नियुक्त



ना.ल.कोष। नेपाल सरकार (माननीय मन्त्रीस्तर)को २०७७ साउन ७ गतेको निर्णयानुसार नागरिक लगानी कोष ऐन, २०४८ को बमोजिम अर्थ मन्त्रालयका सहसचिव श्री रामेश्वर दंगाललाई नेपाल सरकारको तर्फबाट कोषको सञ्चालक समितिको सदस्य पदमा मनोनयन गरिएको छ। यस अघि उक्त स्थानमा अर्थमन्त्रालयका सहसचिव श्री यज्ञ प्रसाद ढुंगेलले प्रतिनिधित्व गर्नुभएको थियो।

## कोषका कार्यकारी निर्देशक लक्ष्मी बैंकको अध्यक्षमा नियुक्त



ना.ल.कोष। कोषका कार्यकारी निर्देशक श्री रमण नेपाल लक्ष्मी बैंकको अध्यक्षमा नियुक्त हुनुभएको छ। लक्ष्मी बैंकमा भदौ १७ गते बसेको सञ्चालक समितिको बैठकले वहाँलाई सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्त गरेको हो।

सोही मितिदेखि लागू हुने गरी बैंकको अध्यक्ष पदको जिम्मेवारी सम्हाल्नुभएको श्री नेपालले अनलाइन प्रक्रिया मार्फत नेपाल राष्ट्र बैंकका गभर्नर समक्ष सपथग्रहण लिनुभएको थियो। श्री नेपाल २०७५ फागुनदेखि सोही बैंकको सञ्चालक समितिका सदस्य रहनु भएको थियो। लक्ष्मी बैंकमा करिब १० प्रतिशत शेयर लगानी रहेको नागरिक लगानी कोष लक्ष्मी बैंकको प्रवर्द्धक शेयरधनी हो।

## कोषका कार्यक्रमहरूमा नयाँ Web Based Software लागू

ना.ल. कोष। कोषको नयाँ सफ्टवेयर केही कार्यक्रमहरूमा लागू गरिएको छ। कोषका कार्यक्रमहरू मध्ये कर्मचारी बचत वृद्दि अवकाश कोष, उपदान कोष योजना, लगानीकर्ता हिसाब योजना, नागरिक एकांक योजना र नार्क वीमामा Web Based Software पूर्ण रुपमा लागू गरिएको छ भने बाँकी कार्यक्रमको लागि Testing तथा Data Migration को चरणमा रहेको कोषको सूचना प्रविधि विभागले जानकारी दिएको छ। कोषले NLK Web based Software विकास गर्नका लागि केही समय अगाडि इन्फो डेभलपर्स प्रा.लि., सानेपा, ललितपुर र जे.भि. सान्ने प्रा.लि. श्रीलंकासँग सम्झौता गरेको थियो। सोही अनुरुप कोषको Software निर्माणको कार्य तीव्र रुपमा भइरहेको छ।

## कोषका संचालक सदस्यको अवकाश

ना.ल.कोष। नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७७ साउन २२ को पत्र अनुसार नेपाल सरकार (माननीय अर्थ मन्त्रीस्तर) को मिति २०७७/०४/२१ को निर्णय बमोजिम कोषका संचालक समितिका सदस्य श्री लक्ष्मी प्रसाद पौडेलको अवकाश भएको व्यहोरा प्राप्त भएको छ। उक्त पत्रमा नागरिक लगानी कोष (दोस्रो संशोधन) ऐन, २०४७ को दफा २५ मा भएको व्यवस्था बमोजिमको संचालकको संख्या घटाउनुपर्ने उल्लेख भए अनुसार संचालकको पदबाट वहाँको अवकाश भएको जानकारी प्राप्त भएको छ।

पृष्ठ १ बाट क्रमशः

## नागरिक ...

जीवनयापनलाई सहजीकरण गर्ने उद्देश्यले कोषको बचत कार्यक्रमको दायरामा नसमेटिएका नेपाली नागरिकलाई आवद्ध गराई बृहत रुपमा "**नागरिक पेन्सन योजना**" संचालन र व्यवस्थापन गर्ने यस कार्यक्रमको लक्ष्य रहेको छ। नागरिक लगानी कोष ऐन, २०४८ (संशोधित) एवं नागरिक लगानी कोष (व्यवस्थापन) विनियमावली, २०४८ को विनियम ३२ ले दिएको अधिकार प्रयोग गरी नागरिक लगानी कोषको संचालक समितिले यस कार्यविधि स्वीकृति गरी लागू गरिएको हो।

यस कार्यक्रममा आय आर्जन गर्ने, प्रचलित कानून बमोजिम स्थापना भएका संघ, संस्था एवंम प्रतिष्ठानमा कार्यरत श्रमिक/कर्मचारी, स्वरोजगारमा रहेका सर्वसाधारण र गैर आवासिय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक सहभागी हुन सक्ने छन्। यस अघि कोषले संचालन गर्दै आएको कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोष अन्तर्गत विभिन्न संगठीत संघ संस्थाका कर्मचारीहरू मात्र सहभागी हुन सक्ने प्रावधान रहेकोमा अब कोषले संचालन गर्न लागेको यस नयाँ कार्यक्रमले देशका कर्मचारी बाहेकका नागरिकलाई पनि समेट्ने भएकोले ठूलो संख्यामा सर्वसाधारणहरू यस कार्यक्रमबाट लाभान्वित हुने अपेक्षा गरिएको छ।

## नागरिक स्टक डिलरको प्रमुख कार्यकारी अधिकृतमा महेश्वरलाल श्रेष्ठ नियुक्त



ना.ल.कोष। कोषद्वारा प्रवर्द्धित नागरिक स्टक डिलर कम्पनीको प्रमुख कार्यकारी अधिकृतमा महेश्वरलाल श्रेष्ठ नियुक्त हुनुभएको छ। कोषको सहायक कम्पनीको रुपमा स्थापित सो कम्पनीको संचालक समितिको मिति २०७७ असोज १८ गते बसेको बैठकले श्रेष्ठलाई प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी दिएको छ।

नवनियुक्त प्रमुख कार्यकारी अधिकृतको कार्यकाल ४ वर्षको हुनेछ। नवनियुक्त प्रमुख कार्यकारी अधिकृत श्रेष्ठ नेपाल राष्ट्र बैङ्कका पूर्व कार्यकारी निर्देशक हुन्।

राष्ट्र बैङ्कमा ३० वर्षे सेवा अवधिपछि उनले अघिल्लो वर्ष अनिवार्य अवकाश पाएका थिए। राष्ट्र बैङ्कबाट अवकाश पाउनुअघि उनी लामो समय बैङ्कको सुपरिवेक्षण विभागको नेतृत्वमा थिए। श्री श्रेष्ठ नेपाल राष्ट्र बैंकको तर्फबाट नेपाल बैंक लिमिटेडको व्यवस्थापन सुधार समितिको प्रमुख भई उक्त बैंकको प्रमुख कार्यकारी अधिकृत समेत रहिसकेका छन्।

पुँजीबजारमा हुँदै आएको अस्वभाविक उतारचढावलाई न्युनीकरण गरी बजारलाई प्रतिस्पर्धी बनाउने उद्देश्यले स्थापना भएको नागरिक स्टक डिलर कम्पनि लिमिटेड नेपालको पहिलो एकमात्र स्टक डिलर कम्पनी हो। सञ्चालनको सबै प्रक्रिया पूरा गरेको कम्पनीले नयाँ कार्यकारी प्रमुख पाएसँगै कारोबार सञ्चालन शुरु गर्नेछ।

# कोष र एनआईसी एशिया बैंकबीच सम्झौता, 'नागरिक पेन्सन योजना' को किस्ता बैंकका शाखा मार्फत भुक्तानी गर्न मिल्ने




ना.ल.कोष। एनआईसी एसिया बैंक र नागरिक लगानी कोषबीच कोषको 'नागरिक पेन्सन योजना' का सहभागीहरूले मासिक किस्ता रकम बैंकमार्फत जम्मा गर्न सक्ने समझदारी भएको छ। उक्त समझदारीपत्रमा कोषका कार्यकारी निर्देशक श्री रमण नेपाल र बैंकका प्रमुख कार्यकारी अधिकृत श्री रोशनकुमार न्यौपानले हस्ताक्षर गर्नुभएको छ।

**'जवानीमा कमाऔं, जमाऔं र बुढेसकालमा रमाऔं'** भन्ने नाराको साथ नागरिक लगानी कोषले ल्याएको यस योजनामा विभिन्न संघसंस्था एवम् प्रतिष्ठानमा कार्यरत श्रमिक र कर्मचारीका साथै स्वरोजगार सर्वसाधारण र गैर आवासीय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक सहभागी हुन सक्ने जनाइएको छ।

योजनाका सहभागीले न्यूनतम मासिक पाँच सयदेखि बढिमा आय क्षमताअनुसार १० ले भाग जाने बराबरको रकम जम्मा गर्नसक्ने छन्। कोष र बैंक बीच भएको सम्झौता बमोजिम उक्त योजनामा सहभागी हुनेले बुझाउनुपर्ने रकम एनआइसी एसिया बैंकका देशभरका सम्पूर्ण शाखा कार्यालयहरूबाट कोषको खाता नम्बर ०५४४१५१०३५२१७०१२ मा जम्मा गर्न सक्नेछन्।

यसका साथै बैंकले निकट भविष्यमा कोषसँगको सहकार्यमा विद्युतीय भुक्तानी सेवामार्फत पनि नागरिक पेन्सन योजनाका सहभागीहरूले बैंक नगई कुनै पनि स्थानबाट अनलाइन किस्ता रकम भुक्तानी गर्न मिल्ने बनाउने तयारी गरिरहेको पनि जनाएको छ।

## उपदान तथा पेन्सन कोष योजना

- **विभिन्न अर्धसरकारी, गैह् सरकारी निकायहरू र संगठीत संस्थाहरूका कर्मचारीहरूलाई व्यवस्था गरिएको उपदान बापतको रकम आवश्यकता अनुसार ब्यक्तिगत वा संस्थागत रुपमा उपदान खाता संचालन गरिरहेको छ।**
- **यसको कुशल लगानी व्यवस्थापन गर्ने उद्देश्यले यो कार्यक्रम संचालनमा ल्याइएको हो। संगठीत संस्थाहरूको भविष्यमा एकैपटक पर्ने दायित्व घटाउने र कर्मचारीले सेवा निवृत भएपछि पाउने उपदान रकमको सुनिश्चितता समेत यो कार्यक्रमले प्रदान गर्दछ।**
- **यस कार्यक्रम अन्तर्गत कोषले सहभागी संस्थाहरूलाई उपदान बापतको रकम जम्मा गर्न प्रोत्साहित गर्ने, कोषको लागनी नीति अनुसार तोकिएको क्षेत्रमा लगानी गर्ने र प्राप्त व्याज तथा आम्दानी सहभागी संस्थाहरूको व्यक्तिगत खातामा पुँजीकृत गर्ने कार्य गर्दै आएको छ।**

# कोषको २५औं साधारण सभा सम्पन्न




ना.ल.कोष। नागरिक लगानी कोषको २५औं वार्षिक साधारण सभा यही २०७७ आषाढ २० गते कोषको नयाँ बानेश्वर स्थित आफ्नै निर्माणाधिन भवन परिसरमा सम्पन्न भयो। कोषको सञ्चालक समितिका अध्यक्ष डा. रामचन्द्र भट्टराईको सभापतित्वमा बसेको साधारण सभामा कोष सञ्चालक समितिका सदस्यहरू, शेयरधनीहरू, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैक, नेपाल स्टक एक्सचेन्ज र वीमा संस्थानका प्रतिनिधिहरू तथा कोषका आंशिक कर्मचारीहरूको उपस्थिति रहेको थियो। उपस्थित सम्पूर्ण शेयरधनी तथा अतिथिहरूलाई सञ्चालक समिति र कोषको परिवारका तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्दै डा. भट्टराईले कोषको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो। सो प्रतिवेदनमा उल्लेख भए अनुरुप कोषले विभिन्न कार्यक्रमहरूको सञ्चालनबाट २०७६ आषाढ मसान्तसम्ममा रु. १ खर्ब २३ अर्ब ९१ करोड १९ लाख खुद बचत परिचालन गरेको छ। सो अवधिसम्ममा कोषको चुक्ता पुँजी रु. १ अर्ब २६ करोड ७९ लाख तथा जगेडा रु.५ अर्ब ३ करोड ८३ लाख रहेको छ भने कोषले रु.१ खर्ब २४ अर्ब ८७ करोड ९९ लाख बराबर लगानी व्यवस्थापन गरेको छ। कोषले विभिन्न ट्रष्टी कार्यक्रमहरू संचालन गरी उक्त ट्रष्टीबाट प्राप्त संचालन आय तथा अन्य आयहरूबाट केन्द्रीय हिसाबतर्फ रु. ४६ करोड २३ लाख बराबरको आम्दानी गर्न सक्षम भएको छ। सभामा कोषले आर्थिक वर्ष २०७५/७६ को नाफाबाट शेयरधनीहरूलाई २२ प्रतिशत बोनस शेयर र १.१६ प्रतिशत नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि छुट्याइएको) वितरणको लागि राखिएको प्रस्ताव पारित भएको छ।

त्यसै गरी कोषको चुक्ता पुँजी रु. ३ अर्ब पुऱ्याउनका लागि २२ प्रतिशत बोनश शेयर पश्चात कायम हुने चुक्ता पुँजीको ८२.८४ प्रतिशत अर्थात् १:०.८२८४ अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने प्रस्ताव समेत सभाले पारित गरेको छ।

कार्यक्रममा डा. भट्टराईले आ.व. २०७६/०७७ मा कोषमा भएका गतिविधि तथा क्रियाकलापहरू संक्षेपमा प्रस्तुत गर्दै कोषद्वारा सञ्चालित विभिन्न योजना तथा कार्यक्रमलाई विगतको तुलनामा थप प्रभावकारी र व्यवस्थित बनाउन निरन्तर प्रयास भइरहेको बताउनुभयो। २०७६ चैत्र मसान्तसम्ममा कोषले खुद कोष संकलन रु.१ खर्ब २५ अर्ब ८७ करोड पुर्‍याई करीब रु. १ खर्ब ४२ अर्ब २५ करोड लगानी समेत गर्न सफल रहेको वहाँले जानकारी दिनुभयो। यसै क्रममा वहाँले कोषको सहायक कम्पनी **नागरिक स्टक डिलर कम्पनी लिमिटेड** कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भई बाँकी प्रक्रिया अगाडि बढेको, बैंक रिकन्सिलेसन सम्बन्धी कार्य तीब्र रुपमा भइरहेको, कोषको नयाँ सफ्टवेयर निर्माण कार्य निकै अगाडि बढेको र कोषका केही कार्यक्रममा वेभ वेष्ड सफ्टवेयर पूर्ण रुपमा लागू भइसकेको, कोषको निर्माणाधिन नयाँ भवनको करिब दुई तिहाई कार्य सम्पन्न भइसकेको , कोषको नयाँ कार्यक्रम **नागरिक पेन्सन योजना**को कार्यविधि तयार भई कोष संचालक समितिबाट स्वीकृत भइसकेको तथा कोषले सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न क्षेत्रहरूमा सहयोग प्रदान गर्नुको साथै विश्वव्यापी रुपमा महामारीको रुपमा फैलिएको कोभिड-१९ नियन्त्रण, उपचार, रोकथाम तथा राहत कोषमा संस्थाको तर्फबाट रु.२ करोड र संचालक समितिका सदस्यहरूको बैठक भत्ता




*साधारण सभामा वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै कोषका अध्यक्ष डा. भट्टराई।*



*साधारणसभामा उपस्थित शेयरधनीहरू*

लगायत कर्मचारीहरूको तलबबाट रु.६ लाख १४ हजार ४ सय योगदान गरेको बताउनुभयो।

डा. भट्टराईले बचत संकलनको क्षेत्र विस्तार, लगानीको विविधीकरण, पुँजी बजार सेवा विस्तार, सूचना प्रविधिको समयसापेक्ष विकास, मानव संसाधन विकास तथा शाखा कार्यालयहरूको सुदृढीकरण एवं सेवा विस्तार, नया' भवन निर्माण सम्पन्न गर्ने लगायतका कोषका भावी योजना तथा कार्यक्रम प्रस्तुत गर्दै कोषको दूरगामी लक्ष्यहरू प्राप्त गर्न कोष सदैव कटिबद्ध रहने कुरा जानकारी गराउनु भयो।

सभामा अध्यक्ष डा. भट्टराईले वार्षिक प्रतिवेदन प्रस्तुत गरिसकेपछि त्यहाँ उपस्थित विभिन्न शेयरधनी महानुभावहरूले वार्षिक प्रतिवेदनमाथि आ-आफ्नो सुझाव तथा मन्तव्य व्यक्त गर्दै एक आर्थिक वर्षभित्र दुई वटा वार्षिक साधारण सभा सम्पन्न गर्न कोष सफल भएकोमा आफूहरू अत्यन्त हर्षित भएको कुरा व्यक्त गर्दै सो को लागि कोषको संचालक समिति तथा कोष परिवारलाई हार्दिक धन्यवाद व्यक्त गर्नुभयो। कोषको निर्माणधिन नयाँ भवनको परिसर भित्र कार्यक्रम संचालन गरिएकोमा वहाँहरूले आभार प्रकट गर्दै यथाशिघ्र भवन निर्माण कार्य सम्पन्न गरी कोषको कार्यालय भवन स्थानान्तरण होस् भनी शुभकामना पनि व्यक्त गर्नुभयो। कोषको प्रगतिका लागि आफूहरू सदैव सहयोग गर्ने कुरा व्यक्त गर्दै कोषले प्रदान गरेको बोनश शेयर तथा प्रस्ताव गरिएको हकप्रद शेयरको लागि वहाँहरूले धन्यवाद व्यक्त गर्नुभयो।

सभाको अन्त्यमा डा. भट्टराईले प्रस्तुत गर्नुभएको आ.व. २०७५/७६ को वार्षिक प्रतिवेदन, लेखा परीक्षकको प्रतिवेदन सहित २०७६ साल आषाढ मसान्तसम्मको वित्तीय विवरणमा छुट्टयाएको प्रस्तावित बोनस शेयर र नगद लाभांश स्वीकृत गर्ने विषय तथा साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरधनी र सञ्चालकहरूको तर्फबाट एक एक जना प्रतिनिधि नियुक्त गर्ने विषयहरू सर्वसम्मतबाट पारित भएको घोषणा गरिएको थियो।

**नागरिक लगानी कोषद्वारा संचालित कार्यक्रममा सहभागी भई भविष्यलाई सुरक्षित बनाऔं**

- कोषको प्रत्येक सहभागीलाई वार्षिक ९ प्रतिशत ब्याजदरमा घर/जग्गा धितो राखी घर मर्मत गर्न, फ्ल्याट्/ घर खरिद गर्न, घरको तला थप्न र नयाँ घर निर्माण गर्नको लागि कोषले तोकेको नगरपालिकाको बजार क्षेत्रमा बढिमा रु ४० लाखसम्म कर्जा दिन सकिने।
- कर्मचारी वचत वृद्धि स्वीकृत अवकाश कोषमा सहभागी बचत कर्ताको दुर्घटनावस मृत्यु भएमा १ लाखसम्मको दुर्घटना बीमाको ब्यवस्था भएको।
- कोषका सहभागीहरुलाई घरायसी, भैपरी आउने कामको लागि घर /जग्गा धितो राखेर सरल कर्जाको रुपमा सहभागीको आर्थिक, सामाजिक, साँस्कृतिक र पारिवारिक प्रकृतिका कार्यका लागि २० लाख रुपैया सम्म वार्षिक ९.५ प्रतिशत ब्याजमा लिन पाइने।
- वचत गरेको २ आ.ब पछि वचत रकमको ८० प्रतिशत सापटी लिन पाइने।
- आयकर ऐन २०५८ अनुसार छुट सुविधा पाइने।

**नागरिक लगानी कोष**
नयाँबानेश्वर, काठमाडौं, पोष्ट बक्स नं. ५८२३
फोनः ०१-४७८५३१९, ०१-४७८५३२५, फ्याक्सः ०१-४७८४९४५
ई-मेलः info@nlk.org.np वेभसाइटः www.nlk.org.np

# नागरिक लगानी कोष र चन्द्रागिरी हिल्सबीच शेयर प्रत्याभूति सम्झौता



ना.ल.कोष । कोष र चन्द्रागिरी हिल्स लिमिटेड बीच सो संस्थाद्वारा स्थानिय बासिन्दा एवं सर्वसाधारणमा जारी गरिने शेयरको प्रत्याभूति गर्ने सम्बन्धी सम्झौता भएको छ ।

चन्द्रागिरी हिल्सको १८ लाख ४० हजार ९ सय १० कित्ता शेयरको रु.१८ करोड ४० लाख ९१ हजार रुपैयाँ बराबरको शेयर प्रत्याभुत गर्ने सम्झौता भएको हो ।

उक्त प्रत्याभूतिमा कोषको तर्फबाट कार्यकारी निर्देशक श्री रमण नेपाल र चन्द्रागिरी हिल्सको तर्फबाट कम्पनीका महाप्रबन्धक श्री अभिषेक बिक्रम शाहले हस्ताक्षर गर्नुभएको छ ।

## कोषको ब्याजदरमा परिवर्तन

ना.ल.कोष । कोषले आर्थिक वर्ष २०७७/७८ को लागि विभिन्न कार्यक्रम/योजनाहरूमा सहभागीहरूलाई दिइने तथा सहभागीहरूबाट लिइने ब्याजदरमा परिवर्तन गरेको छ।

कोषको संचालक समिति, सम्बन्धित कार्यक्रम/योजनाहरूको न्यासधारी प्राविधिक उपसमिति एवं व्यवस्थापन उपसमितिहरूको विभिन्न मितिमा बसेको बैठकको निर्णय अनुसार सहभागीहरूलाई प्रदान गर्ने र लिने ब्याजदर २०७७ भाद्र १ गते देखि लागू हुने गरी परिवर्तन भएको हो। जस अनुसार अब कर्मचारी बचत वृद्दि अवकाश कोषमा ६.५%, उपदान कोष योजनामा ६%, लगानीकर्ता हिसाब योजनामा ६%, नागरिक एकांक योजनामा ७% र वीमा कोष योजनामा ५.५% ब्याज कायम गरिएको छ। सहभागी सापटी तथा कर्जाहरूमा लिइने ब्याजदर साविकको दरमा केही घटाईएको छ। जसअनुसार, ८० प्रतिशत विशेष सापटीमा ८ प्रतिशत ब्याज कायम गरिएको छ भने आवास कर्जामा ९% र सरल/शैक्षिक कर्जामा ९.५% ब्याज लिइनेछ।

## कर्मचारी अवकाश

ना.ल.कोष। कोषका नायव निर्देशक श्री अनिल कुमार ढकालको यही २०७७ बैशाख २४ गते र अधिकृत सुवास चन्द्र दाहालको २०७७ जेठ १ गते कोषको सेवाबाट अवकाश भएको छ। कोषमा लामो समय कार्यरत रही कोषको निरन्तर सेवा गर्दै आउनुभएको श्री ढकाल र श्री दाहाल उमेरको हदले अनिवार्य अवकाश हुनुभएको हो। वहाँहरू दुवै जना कर्मचारी बचत वृद्धि अवकाश कोषमा कार्यरत हुनुहुन्थ्यो।

‘आजको सानो बचत, भोलिको बाँच्ने आधार
कर्मचारी बचत वृद्दि अवकाश कोष’

नागरिक लगानी कोष
नयाँ बानेश्वर, काठमाडौं
फोन नं. ४७८५३२५/४७८५३१९
Email : info@nlk.org.np

# न्यादी हाइड्रोपावरको आइपीओमा कोष प्रत्याभूतिकर्ता नियुक्त

ना.ल.कोष। न्यादी हाइड्रोपावर कम्पनी लिमिटेडले साधारण सेयर निष्कासन (आइपिओ) का लागि नागरिक लगानी कोषलाई प्रत्याभूतिकर्ता (अण्डरराइटर) नियुक्त गरेको छ।

कम्पनीले एक सय रुपैयाँ अंकित मूल्यका ४० लाख ५० हजार कित्ता सेयर सर्वसाधारणका लागि सार्वजनिक निष्कासन गर्न लागेको हो। उक्त सेयरको प्रत्याभूति व्यवस्थापनका लागि कम्पनीले नागरिक लगानी कोषलाई नियुक्त गरेको हो।

यसका लागि कोषका तर्फबाट कार्यकारी निर्देशक श्री रमण नेपाल र न्यादी हाइड्रोपावरका प्रमुख कार्यकारी अधिकृत श्री उत्तम अमात्यले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको छ।

कम्पनीले जारी गर्ने कुल साधारण शेयरमध्ये १५ लाख कित्ता आयोजना प्रभावित स्थानीयलाई छुट्ट्याइएको छ। यस्तै, तीन लाख कित्ता आयोजनाका संस्थापक सेयरधनी संस्थाका कर्मचारीहरूका लागि र बाँकी २२ लाख ५० हजार कित्ता सर्वसाधारणलाई छुट्ट्याइएको छ।

सर्वसाधारणलाई छुट्याइएको साढे २२ लाख कित्तामध्ये एक लाख १२ हजार ५ सय कित्ता सामूहिक लगानी कोष र ४५ हजार कित्ता कम्पनीका कर्मचारीलाई छुट्याइएको छ। हाल कम्पनीको जारी पुँजी डेढ अर्ब रहेको छ।

# सामाजिक उत्तरदायित्वमा कोष

ना.ल.कोष। सामाजिक उत्तरदायित्व अन्तर्गत कोषले कोटेश्वर, सुविधानगर स्थित मदन भण्डारी स्मृति बाटिका संरक्षण समितिलाई रु.२ लाख र काठमाडौं महानगरपालिका वडा नं १४ बल्खु चोक देखि कुमारी क्लव हुँदै त्रिभुवन विश्वविद्यालय गेट सम्म सडकको दुवै तर्फको पेटीमा लक्ष्मी बैंक लि. र सिद्धार्थ बैंक लि. सँग सहकार्य गरी उक्त क्षेत्रबाट निर्वाचित जनप्रतिनिधि लगायत काठमाडौं महानगरपालिकाको अगुवाइमा ३ सय विरुवा लगाई मलजल गर्न तथा संरक्षण गर्न रु. ३ लाख ५२ हजार आर्थिक सहयोग प्रदान गरिएको छ। यसै गरी विश्वव्यापी रुपमा महामारीको रुपमा फैलिएको कोभिड नियन्त्रण, उपचार, रोकथाम तथा राहत कोषमा रु.२ करोड आर्थिक सहयोग प्रदान गरेको छ। साथै, उक्त कोषमा संचालक समितिका सदस्यहरूको बैठक भत्ता लगायत कर्मचारीहरूको तलबबाट कट्टी गरिएको रकम समेत जम्मा गरिएको छ।

"अधिकतम ब्याजदर र तरलता सुविधाको
साथमा नागरिक एकांक योजना, २०५२ तपाईंको हातमा"

**सुरक्षित बचत गर्ने सुनौलो अवसर**

वार्षिक ७% ब्याज पाइने, जुनसुकै समयमा खरीद तथा बिक्रि गर्न सकिने "नागरिक एकांक योजना, २०५२" आजै खरीद गर्नुहोस् ।

अन्य जानकारीको लागि :

**नागरिक लगानी कोष**

नयाँ बानेश्वर, काठमाडौं

फोन नं. ४७८५३२५ / ४७८५३१९

# नागरिक पेन्सन योजना सम्बन्धी संक्षित जानकारी

सर्वसाधारण जनतालाई बचत गर्न प्रोत्साहित गर्ने, त्यस्तो वचतलाई देशको आर्थिक विकासमा परिचालन गर्ने र सक्रिय जीवनकालमा जम्मा गरेको रकमबाट बचतकर्ताको जीवनयापनलाई सहजीकरण गर्ने उद्देश्यले कोषको बचत कार्यक्रमको दायरामा नसमेटिएका नेपाली नागरिकलाई आवद्ध गराई बृहत रुपमा 'नागरिक पेन्सन योजना' संचालनमा ल्याइएको हो।

### सहभागिता सम्बन्धी ब्यवस्था

यस योजना अर्न्तगत आय आर्जन गर्ने, प्रचलित कानून बमोजिम स्थापना भएका संघ, संस्था एवंम प्रतिष्ठानमा कार्यरत श्रमिक/कर्मचारी, स्वरोजगारमा रहेका सर्वसाधारण र गैर आवासिय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक सहभागी हुन सक्ने छन्।

### बचत गर्न सकिने सीमा :

यस कार्यक्रममा सहभागी हुने बचतकर्ताहरूले न्यूनतम मासिक रु. ५००।-देखि अधिकतम आम्दानीको क्षमता अनुसार १० ले भाग जाने संख्यामा जम्मा गर्न सक्ने छन्। बचतकर्ताको आम्दानीको आधारमा मासिक/त्रैमासिक/अर्धवार्षिक/वार्षिकरुपमा रकम जम्मा गर्न सकिने विशेषता समेत रहेको छ। यस्तो किस्ता बुझाउँदा मासिक रु.५००।-भन्दा कम नहुने गरी बुझाउनु पर्नेछ।

### किस्ता रकम नियमित बुझाउनु पर्ने :


सहभागीले आफूले छनौट गरेको किस्ता अनुसारको रकम नियमित रुपमा बुझाउनु पर्नेछ। यसरी निर्धारण गरिएको किस्ता रकम समयमा दाखिला नगरेमा कोषले निर्धारण गरेको विलम्ब शुल्क तिरी किस्ता नियमित गर्न सकिने छ।

### योजनाबाट अलग हुने अवस्था :

बचतकर्ताको आय स्रोत गुमेमा वा अशक्तताको कारणले आय आर्जन गर्न असक्षम भएमा वा वसाई सरी अन्य मुलुकमा गएको खण्डमा यस योजनाबाट अलग हुन सकिने छ। यसरी योजनाबाट अलग हुदा बचतकर्ताहरूले शर्त बमोजिम नियमित रुपमा बचत गरेको कम्तीमा २ वर्ष पुरा भएको हुनु पर्ने छ। यस्तो अवस्थामा बचतकर्ताको नाममा जम्मा रहेको साँवा रकम एकमुष्ठ भुक्तानी गरिनेछ।

### पेन्सन पाउन योग्य हुने अवस्था :

- पेन्सन प्राप्त गर्न बचतकर्ताको उमेर साठी वर्ष पुरा भएको र कम्तीमा १५ वर्ष योगदान गरेको हुनुपर्नेछ।
- बचतकर्ताले १५ वर्षको बचत नगर्दै त्यसको ब्याज र प्रतिफल समेत एकमुष्ठ भूक्तानी लिन वा पेन्सनको रुपमा भूक्तानी लिन सक्नेछन्।
- कोषको अन्य योजनामा जम्मा भएको वा सहभागीको पारिश्रमिक वा स्वरोजगारीबाट आर्जित रकम एकमुष्ठ रुपमा तोकिएको न्यूनतम किस्ताले हुने जम्मा गर्ने सहभागीले समेत यस योजनामा सहभागी हुन सक्नेछन्।




### पेन्सन गणना विधि:

सहभागीले गरेको बचत, त्यसको ब्याज र कोषको लगानीवाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल रकमलाई १७० ले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निजको जीवनकालभर पेन्सन पाउनेछन्।

### पति वा पत्नीले पेन्सन पाउने:

- पेन्सन पाउन योग्य सहभागीले पेन्सन प्राप्त गर्न शुरु गरे पछि निजको मृत्यु भएमा मृतकको पति वा पत्नीलाई निजले पाइरहेको रकम वराबर नै पारिवारिक पेन्सन प्रदान गरिनेछ।
- बचतकर्ताको निबृतिभरण शुरु भए पछि निज र निजको श्रीमान वा श्रीमति दुबैको मृत्यु भएमा कोषमा सम्बन्धित ब्यक्तिको नाममा बाँकी रहेको बचत रकम निजहरूको कानुनी हकदारलाई प्रदान गरिनेछ।
- कुनै बचतकर्ताको निबृतिभरण प्राप्त गर्ने उमेर नपुग्दै मृत्यु भएमा निजको नजिकको हकवालालाई निजले जम्मा गरेको रकम, त्यसको ब्याज र प्रतिफल समेत एकमुष्ठ रुपमा प्रदान गरिने छ।

### सहभागीहरूलाई सापटी तथा अन्य सुविधा :

- योजना अन्तर्गत कोषमा जम्मा भएको रकममा कोषले निर्धारण गरे अनुसार दैनिक मौज्दातको आधारमा ब्याज गणना गरी



त्रैमासिक रुपमा ब्याज प्रदान गरिने छ।

- कोषले योजनाका सहभागी बचतकर्तालाई निजको नाममा रहेका रकममा बढीमा ८० प्रतिशतसम्म सापटी प्रदान गर्न सक्ने छ।
- जुनसुकै कारणले बचतकर्ताको मृत्यु भएमा निजको अन्तिम संस्कारका लागि निजका नजिकका आश्रित परिवार सदस्य वा हकवालालाई दश हजार रुपैयाँ प्रदान गरिने छ।
- बचतकर्ताले कोषद्वारा तोकिएका प्राइभेट अस्पतालमा औषधी उपचार गर्दा लाग्ने खर्चमा छुट सुविधा पाउने छ।
- कोषको नियमानुसार सहभागी कर्ताले आवास कर्जा, सरल कर्जा, शैक्षिक कर्जा र सवारी कर्जा उपभोग गर्न सक्नेछन्।

### योजनामा रकम जम्मा गर्ने विधि :

- सहभागी बचतकर्ताले जम्मा गर्नु पर्ने रकम कोषले तोकेको बैंक खातामा भौचर मार्फत वा बिद्युतिय भूक्तानी (Electronic Payment) मार्फत जम्मा गर्न सक्ने छन्। बचतकर्ताले बैंकमा रकम दाखिला गरे पछि सोको जानकारी कोषलाई दिनु पर्ने छ।
- कोषमा रकम जम्मा गर्दा सम्बन्धित सहभागी बचतकर्ताको नाम र कोषले प्रदान गरेको परिचय नम्बर अनिवार्य रुपले उल्लेख गर्नु पर्ने छ।
- हाललाई यस योजनामा सहभागी हुन् बचतकर्ताले नागरिक लगानी कोषको नाममा रहेको एनआइसि एसिया बैंकमा रहे को खाता नं ०५४४१५१०३५२१७०१२ मा जम्मा गर्नुपर्ने छ।

### कोषमा जम्मा भएको रकममा ब्याज तथा प्रतिफल दिइने :

- योजना अन्तर्गत कोषमा जम्मा भएको रकममा समितिले समय समयमा निर्धारण गरे अनुसार दैनिक मौज्दातको आधारमा ब्याज गणना गरी त्रैमासिक रुपमा ब्याज प्रतिफल प्रदान गरिने छ।

### कोष संचालन

नागरिक पेन्सन योजना ट्रस्टी योजना भएको कारण यस्को संचालन नागरिक लगानी कोष (व्यवस्थापन) विनियमावली, २०४८ को विनियम ३२ ले दिएको अधिकार अनुसार संचालन हुने छ। हरेक बर्ष बिमांकीय मूल्यांकंन गरी उपलब्ध गराउने प्रतिफल र सुविधाहरूको परिमार्जन गरिने छ।

## CIT Mobile App प्रयोग गर्ने तरिका

**नागरिक लगानी कोषका कार्यक्रम** : बचतबृद्धि स्वीकृत अवकाश कोष, निजामती कर्मचारी जीवन बीमा कोष, शिक्षक जीवन बीमा कोष, नेपाल प्रहरी जीवन बीमा कोष, नेपाली सेना जीवन बीमा कोष, सशस्त्र प्रहरी जीवन बीमा कोष, नार्क जीवन बीमा कोष अन्तर्गतका सहभागीहरुबाट कोषमा जम्मा भएको रकमको स्टेटमेन्ट र बचतबृद्धि स्वीकृत अवकाश कोष अन्तर्गतको ऋण सापटी तथा बचत भइरहेको रकमको स्टेटमेन्ट CIT Mobile App बाट हेर्न सकिन्छ ।

**App डाउनलोड गर्ने तरिका** : बचतबृद्धि स्वीकृत अवकाश कोष र बीमा कोषका सबै सहभागीहरुले कोषको उक्त सेवा लिनका लागि Android Operating System भएको मोबाइलका 'Play Store' मा गएर 'CIT Mobile App' खोज्ने र सो App लाई Download गर्नुपर्ने हुन्छ ।

**प्रयोग कसरी गर्ने** :

**अनलाइन मोड** : यदि तपाईंको मोबाइलमा इन्टरनेटको सुविधा छ भने अनलाइन मोडको स्क्रीन देखिनेछ । त्यहाँ Register बटनमा गई आफ्नो नाम, मोबाइल नम्बर, आफू कार्यरत रहेको कार्यालयको नाम, बीमा कोष अन्तर्गतको बीमा परिचयपत्र नम्बर र यदि बीमा नभएका सहभागीहरुको हकमा अवकाश कोषमा ठिक (✓) लगाई कोषको परिचयपत्र नम्बर राखेर रजिष्टर गर्नुपर्दछ ।

**एसएमएस मोड** : यदि तपाईंको मोबाइलमा इन्टरनेटको सुविधा छैन भने एसएमएस मोडको स्क्रीन देखिनेछ । त्यहाँ Register बटनमा गई आफ्नो नाम, मोबाइल नम्बर, आफू कार्यरत रहेको कार्यालयको नाम, बीमा कोष अन्तर्गतको बीमा परिचयपत्र नम्बर र यदि बीमा नभएका सहभागीहरुको हकमा अवकाश कोष अन्तर्गतको कोषको परिचयपत्र नम्बर राखेर रजिष्टर गरे पुग्छ ।

रजिष्टर गरे पश्चात कोषको तर्फबाट स्वीकृती प्रदान गरिनेछ र सहभागीको मोबाइलमा पिन कोड सहितको एसएमएस आउनेछ ।

तत्पश्चात अनलाइन मोडमा सहभागीले आफ्नो मोबाइल नम्बर र एसएमएसमा प्राप्त पिन कोड राखि Login गरी अवकाश कोषमा जम्मा भएको रकम र कोषबाट लिएको ऋण सापटीको स्टेटमेन्ट तथा बीमा कोषमा जम्मा भएको बीमा रकमको स्टेटमेन्ट हेर्न सकिनेछ ।

एसएमएस मोडमा सहभागीले सापटीको स्टेटमेन्ट, अवकाश कोष र बीमा कोषमा जम्मा भएको रकम हेर्न एसएमएसमा प्राप्त पिन कोड राखि सम्बन्धित Menu मा Click गरी Send गर्नुपर्नेछ ।

CIT Mobile App भन्दा अगाडीको SMS Service प्रयोगकर्ताले पुरानै पिन प्रयोग गरी CIT Mobile App Login गर्न पनि सक्नुहुनेछ । SMS सेवा NTC / Ncell का प्रयोगकर्ताहरुको लागि मात्र उपलब्ध छ । यो सूचना कोषको वेबसाइट www.nlk.org.np मा समेत हेर्न सकिन्छ । यो निशुल्क हो र कुनै Support चाहिएमा फोन: ०१-४७८५३२१/०१-४७८५३१९/०१-४७८५३२५ Ext. १६२ मा सम्पर्क राख्नु होला ।

# नागरिक लगानी कोष

## कोषको वितीय अवस्था (अपरिष्कृत)

**२०७७ आषाढ मसान्तसम्मको**

| कोषको श्रोत (Sources of Fund) | | | कोषको उपयोग (Applications of Fund) | | |
|---|---|---|---|---|---|
| विवरण | २०७६।७७ आषाढ मसान्त | २०७५।७६ आषाढ मसान्त | विवरण | २०७६।७७ आषाढ मसान्त | २०७५।७६ आषाढ मसान्त |
| शेयर पूंजी | १६,४०७ | ११,०२३ | खूद स्थिर सम्पत्ति | १२,२७४ | १२,३८२ |
| *Calls in Advance* | १,३५९ | १,६५५ | पुजीगत निर्माण *(Capital WIP)* | ५,९१५ | १,४१५ |
| ***खूद कोष मौज्दात*** | ***१,४८९,८४७*** | ***१,३२५,७२२*** | ***लगानी*** | ***१,४६६,४५६*** | ***१,२४८,७९९*** |
| *क.ब.बृ. अबकास कोष* | *९९४,३८२* | *८८४,६६६* | *नेपाल सरकारको ऋणपत्र* | *६,०००* | *६,०००* |
| *नागरिक एकांक योजना* | *८,९०३* | *९,४८२* | *मूद्धति निक्षेप* | *८९६,९५७* | *७६६,९७८* |
| *उपदान कोष योजना* | *२२६,७६१* | *१९६,३५३* | *समयकालिन कर्जा* | *१८६,५८९* | *१६६,३४२* |
| *लगानीकर्ता हिसाब* | *५४,२७०* | *४७,५२८* | *संगठित संस्थाको शेयर/धितोपत्र* | *१०७,८४९* | *६९,३१८* |
| *निजामती बीमा कोष* | *४३,४१२* | *४३,८११* | *सहभागी सापटी तथा आवास कर्जा* | *२६९,०६१* | *२४०,१६१* |
| *शिक्षक बीमा कोष* | *३४,५६५* | *३४,६३४* | | | |
| *नार्क बीमा कोष* | *६४२* | *७१८* | | | |
| *सैनिक वीमा कोष* | *१५,७००* | *१५,७८२* | | | |
| *सशस्त्र प्रहरी वीमा कोष* | *१,५५५* | *१,८००* | | | |
| *नेपाल प्रहरी वीमा कोष* | *३,६०५* | *४,०३९* | | | |
| *रा.अनूसन्धान बीमा कोष* | *३८०* | *३०६* | | | |
| *वीमाकोष दायित्व* | *२८,८१९* | *२८,४२१* | | | |
| *जगेडा कोष* | *७६,८५३* | *५८,१८२* | | | |
| | | | बैक मौज्दात | ११,५३५ | ६०,३२९ |
| चालू दायित्व तथा व्यवस्था | १०३,१४५ | १५४,८५० | चालू सम्पती | ११४,५७८ | १७०,३२५ |
| जम्मा: | १,६१०,७५८ | १,४९३,२५० | जम्मा : | १,६१०,७५८ | १,४९३,२५० |

*माथि उल्लेखित विवरणका अंकहरू लेखापरीक्षकको सूझाव अनूसार परिवर्तन हूनसक्ने छ ।*

# नागरिक लगानी कोष

## केन्द्रीय हिसाब

२०७६ श्रावण १ देखि २०७७ आषाढ मसान्तसम्मको

## अपरिष्कृत आय/ब्यय हिसाब

रू लाखमा

| बिबरण | अपरिष्कृत | वास्तविक |
|---|---|---|
| | २०७६।७७ आषाढ मसान्त | २०७५।७६ आषाढ मसान्त |
| ब्याज आम्दानी | ८२५ | ३१३ |
| सेवा शुल्क तथा कमिशन आम्दानी | ८,८१५ | ७,९१० |
| लाभांश आम्दानी | ३६० | १२४ |
| लगानी जोखिम ब्यवस्था फिर्ता | - | ६५ |
| बिबिध आम्दानी | १५ | २१ |
| **कुल आम्दानी** | **१०,०१५** | **८,४३२** |
| ब्यवस्थापन खर्च | १,९७५ | १,५९९ |
| ह्रास कट्टी खर्च | १९५ | १८० |
| बोनस ब्यवस्था | ६१० | ५०१ |
| **कुल खर्च** | **२,७८०** | **२,२८०** |
| कर अगाडीको खुद नाफा | ७,२३५ | ६,१५२ |
| आय कर ब्यवस्था | १,८०९ | १,५२९ |
| **खुद नाफा** | **५,४२६** | **४,६२३** |

### Financial Ratios & Other Information:

| *Overall* | As of Ashad 2077 | As of Ashad 2076 |
|---|---|---|
| *Return on Investment (ROI)* | 8.84% | 9.69% |
| *Fund to Investment ratio* | 98.43% | 95.89% |
| *Weighted average cost of fund* | 7.33% | 7.59% |
| *Central Account* | | |
| *Net Worth (Rs. in Lakh)* | 35,785 | 30,359 |
| *Net Worth (Value per share)* | 218 | 275 |
| *Earning Per Share (in Rs.)* | 33 | 42 |

## लगानीकर्ता हिसाव योजना

- कोषले संचालन गरेको यस लागनीकर्ता हिसाब योजनामा विभिन्न सरकारी, अर्ध सरकारी तथा गैह् सरकारी संस्थाहरूका दीर्घकालीन दायित्वहरू जस्तै कर्मचारी कल्याण कोष, औषधी उपचार खर्च, बिमाकोष, संचित विदा, घर विदा, विरामी विदा,हितकारी कोष आदिका रकमहरू संकलन गरी लगानी व्यवस्थापन गरिरहेको छ।
- यस योजनामा खुद मौज्दात रकमको १ प्रतिशत वा आम्दानीको २० प्रतिशत मध्ये जुन कम हुन्छ त्यो रकम सेवा शुल्क लिई बाँकी प्रतिफलको रुपमा वितरण गरिन्छ।

# कोषको नयाँ भवन निर्माण कार्य उल्लेखनिय गतिमा अगाडि बढ्दै

ना.ल.कोष। कोषको नयाँ बानेश्वर स्थित आफ्नो स्वामित्वको जग्गामा निर्माण हुँदै गरेको कोष कार्यालय भवनको निर्माण कार्य तिब्र रुपमा भइरहेको छ। कोषको २९औं वार्षिकोत्सव (मिति २०७५ चैत्र ४ गते) को अवसरमा आयोजित एक समारोहका बीच कार्यक्रमका प्रमुख अतिथि एवं निवर्तमान अर्थमन्त्री श्री युवराज खतिवडाद्वारा शिलान्यास गरिएको उक्त भवन निर्माण कार्य डेढ वर्षको अवधिमा ८० प्रतिशत भन्दा बढी संरचना निर्माण कार्य सम्पन्न भइसकेको नेपाल सरकार, शहरी विकास तथा भवन निर्माण विभागले जनाएको छ। २ वर्ष भित्र सम्पूर्ण भवन निर्माण कार्य सम्पन्न गरिसक्ने कोषको योजना रहेकोमा सो सीमा अवधि अगाडि नै कार्य सम्पन्न हुने तथा कोषको सम्पूर्ण सेवा प्रवाह सो भवनबाट गरिने आसा कोष व्यवस्थापनले गरेको छ।



## कोषको भुक्तानी Connect IPS मार्फत




ना.ल.कोष। कोषले कर्मचारी बचत वृद्दि अवकाश कोष, उपदान कोष योजना र लगानीकर्ता हिसाब योजनाको भुक्तानी विद्युतिय माध्यमबाट गर्ने कार्यको सुरुवात गरेको छ।

यसका लागि कोषले उपदान कोष योजना र लगानी हिसाब योजनाका सहभागीहरुलाई कुमारी बैंक लिमिटेडमा रहेको कोषको खाताबाट तथा कर्मचारी बचत बृद्धि अवकाश कोषका सहभागीहरुलाई सिटिजन बैंक लिमिटेडमा रहेको कोषको खाताबाट अनलाईन मार्फत् बैंक खातामा सिधै भुक्तानी गर्न नेपाल क्लियरिङ हाउस (NCHL) को नेशनल पेमेन्ट इन्टरफेस (NPI) मा अप्रत्यक्ष सदस्यको रुपमा आवद्ध भएको छ। कोषले यस अघि नै सहभागीहरूले लिएका ८०% विशेष सापटी यस प्रविधि मार्फत कोषलाई तिर्न मिल्ने सुविधा प्रदान गरिसकेको छ। सहभागीहरूले आफ्नो जुनसुकै बैंकहरूबाट Connect IPS मार्फत विशेष सापटीको साँवा तथा ब्याज रकम जम्मा गर्न सक्छन्।

यसका लागि आफ्नो बैंक खातामा Connect IPS सुविधा लिएको हुनुपर्ने र कोषको KYC अद्यावधिक गरेको हुनुपर्दछ। यसले विश्वमा फैलिरहेको कोभिड १९ को संक्रमणको महामारीको विषम् परिस्थितिमा समेत कोषको सेवा प्रवाह सहज हुने विश्वास लिइएको छ।

## कोषको चुक्ता पुँजी वृद्धि गर्न ८२.८४ प्रतिशत हकप्रद शेयर निष्काशन गर्दै कोष

ना.ल.कोष। कोषले ऐनमा व्यवस्था भए अनुरुप आफनो पुँजी वृद्धि गरी रु.३ अर्ब पुऱ्याउने योजना अनुरुप शेयरधनीहरूलाई १:०.८२८४ अनुपातमा हकप्रद शेयर निष्काशन गर्न लागेको छ। हकप्रद शेयरको रुपमा कोषले १ करोड ३५ लाख ९२ हजार ५ सय ९२ कित्ता शेयर निष्काशन गर्न लागेको हो। कोषले हकप्रद निष्काशनका लागि अनुमति माग्दै यही भाद्र २२ गते धितोपत्र वोर्डमा आवेदन दिएको छ। आ.व.२०७५/७६ को बोनश शेयर समायोजन पश्चात प्रदान गरिने उक्त हकप्रद शेयर पछि कोषको चुक्ता पुँजी रु.३ अर्ब पुग्ने छ।

कोषको २५औं वार्षिक साधारण सभाले यस अघि नै ८२.८४ प्रतिशत हकप्रद शेयर पारित गरिसकेको छ भने सोही सभाले शेयरधनीहरूका लागि २२ प्रतिशत बोनश शेयर पनि स्वीकृत गरेको थियो।

हकप्रद शेयर निष्काशनका लागि कोषले आरविवि मर्चेन्ट बैंकलाई बिक्री प्रवन्धक नियुक्त गरेको छ। कोषका कार्यकारी निर्देशक श्री रमण नेपाल र आरविवि मर्चेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत श्री बद्री प्रसाद प्याकुरेल बीच यस सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको थियो।

कोषको चुक्ता पुँजी हाल रु.१ अर्ब ६४ करोड रहेको छ। कोषको आ.व. २०७६/७७ को बाह्य लेखा परीक्षण कार्य महालेखा परीक्षकको कार्यालयबाट नियुक्त लेखा परीक्षकहरूबाट भइरहेकोले उक्त लेखा परीक्षण पश्चात यथासमयमा नै उक्त आ.व. को वार्षिक साधारण सभा गर्ने लक्ष्य कोषले लिएको छ। हाल कोषले आ.व.२०७६/७७ मा केन्द्रीय हिसाव तर्फ रु.५४ करोड २६ लाख आम्दानी गरेको कोषको अपरिस्कृत वित्तीय विवरणमा देखिएको छ।

नागरिक लगानी कोषको अनुसन्धान तथा बजार विकास महाशाखाद्वारा प्रकाशित। प्रमुख सरक्षक : रमण नेपाल, संरक्षक : डा. इन्द्र कुमार कट्टेल, गोपाल घिमिरे, हेमन्त पोखरेल
सल्लाहकार : भरतराज श्रेष्ठ, सुमन पौडेल, सम्पादक : **रीता पाठक**
डिजाइन : डिजाइन चौतारी, अनामनगर (९८४११९०७१८), मुद्रण : जुगल प्रिन्टर्स एण्ड ट्रेडर्स, अनामनगर, फोन नं. ०१-५७०५५२९